# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### नेपाल राष्ट्र बैंक र भारतीय रिजर्व बैंकबीच सुपरवेक्षकीय जानकारी आदान-प्रदान गर्ने सम्बन्धी सहमती-पत्रमा हस्ताक्षर



नेपाल राष्ट्र बैंक र भारतीय रिजर्व बैंकबीच सुपरिवेक्षकीय सूचना आदान-प्रदान गर्ने तथा बैंक सुपरिवेक्षणका क्षेत्रमा सम्बन्ध र सहयोग विस्तार गर्ने उद्देश्यले २०७२ भाद्र २८ गते तद्नुसार सेप्टेम्बर १४, २०१५ का दिन एक सहमती-पत्र (Memorandum of Understanding - MOU) मा हस्ताक्षर भएको छ । भारतीय रिजर्व बैंकको केन्द्रीय कार्यालय मुम्बईमा सम्पन्न कार्यक्रममा नेपाल राष्ट्र बैंकका तर्फबाट बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक श्री नारायणप्रसाद पौडेलले र भारतीय रिजर्व बैंकका तर्फबाट Department of Banking Supervision का कार्यकारी निर्देशक श्रीमती मीना हेमचन्द्रले सहमती-पत्रमा हस्ताक्षर गर्नु भएको थियो । आ-आफ्नो सुपरिवेक्षण क्षेत्राधिकार अन्तर्गत पर्ने वाणिज्य बैंक तथा वित्तीय संस्थाको सुपरिवेक्षण गर्नका लागि नेपाल राष्ट्र बैंकले सम्बन्धित विदेशी सुपरिवेक्षण अधिकारीसँग पारस्परिकताका आधारमा सहयोगको आदान-प्रदान तथा सो प्रयोजनका लागि प्राप्त जानकारी वा सूचना भंग नहुने गरी विदेशी सुपरिवेक्षण अधिकारीसँग सूचना/जानकारी आदान-प्रदान गर्न सक्ने कानूनी व्यवस्था अनुरुप गरिएको उक्त सम्झौता नेपाल राष्ट्र बैंकका लागि विदेशी सुपरिवेक्षण अधिकारीसँग गरिएको पहिलो सहमती-पत्र हो । सुपरिवेक्षण अधिकारीहरूबीच पारम्परिक सहयोग, सद्भाव र सम्बन्ध विस्तार गर्ने तथा सुपरिवेक्षकीय जानकारी एवम् सूचना आदान-प्रदान गर्ने उद्देश्यले अन्य मुलुकका सुपरिवेक्षण अधिकारीहरूसँग समेत यस्तो सहमती गर्दै जाने नीति नेपाल राष्ट्र बैंकको रहेको छ । सहमती-पत्रमा हस्ताक्षर कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका निर्देशक श्री झलक शर्मा आचार्य तथा भारतीय रिजर्व बैंकका Department of Banking Supervision का पदाधिकारीहरूको समेत उपस्थिति रहेको थियो ।

**२०७२ भाद्र २८ गते सोमबार**

**गभर्नरको कार्यालय**